## सुरक्षाकर्मी आवश्यकता सम्बन्धि सूचनाको थप विवरण

# सुचनाको बुँदा नं. ३ सँग सम्बन्धित बिषयहरु:

१. फर्म/कम्पनी/संस्थाले आवेदन गर्नुपूर्व रु.१५००/- (एक हजार पाँच सय मात्र) तिरी (फिर्ता नहुनेगरी) स्वीकृत आवेदन खरिद गर्नुपर्नेछ।

२. सुबिधा तथा कार्यहरु निम्नानुसार हुनेछ।

क. नगर सुरक्षा प्रमुख – नेपाली सेना वा सशस्त्र प्रहरीबाट कुनै अभियोग बिना सेवा निबृत सुचनामा उल्लेखित उमेर समूहका १ (एक) जना कमान्डर (पाख्रीबास नगरक्षेत्रका स्थायी बासिन्दा मात्र), घटीमा हवल्दार वा सो सरह। मासिक सम्पूर्ण कर सहित रु.१९०००/- पारिश्रमिक।

ख. अन्य सुरक्षाकर्मी (म्यादी प्रहरी, पाख्रीबास नगरक्षेत्रका स्थायी बासिन्दाका लागि मात्र) का लागि प्रति व्यक्ति प्रति महिना सम्पूर्ण कर सहित रु.१७०००/- पारिश्रमिक।

ग. तेह्र महिनाको तलब उपलब्ध गराइने।

घ. ड्रेस बापत संस्थालाई प्रति व्यक्ति बार्षिक रु.१००००/- उपलब्ध गराइने। जनशक्ति फेरबदल भएमा संस्थाले बेहोर्नुपर्ने।

ङ. ड्रेस न.पा.ले तोके बमोजिम हुने।

च. सुरक्षाकर्मीलाई आवासको व्यवस्था न.पा. कम्पाउण्डमा न.पा.बाट हुने।

छ. राति/दिनमा ड्युटीमा रहने सुरक्षाकर्मीले प्रत्येक घण्टा, जनाउ घण्टी बजाउने लगायतका काम गर्नुपर्ने।

ज. नगरपालिका क्षेत्र भित्रको जुनसुकै सुरक्षाको कार्यमा न.पा.ले खटाउन सक्ने।

झ. हाटबजार/प्रमुख बजारहरु, सडक अतिक्रमण लगायतका नगरको समग्र सुरक्षाको बिषयमा प्रत्येक दिन कमाण्डरले न.पा.मा रिपोर्टिङ् गर्नुपर्ने।

ञ. उल्लेखित सुरक्षाकर्मीको ड्युटी राति/दिन भर पनि (२४ सै घण्टा) गर्नुपर्ने भएकाले प्रति व्यक्ति रु.३५००/- का दरले प्रति महिना राशन बापत न.पा.बाट उपलब्ध गराइने छ। राशन बापतको रकम १०० % नै सम्बन्धित संस्थाले सम्बन्धित सुरक्षाकर्मीलाई उपलब्ध गराउनु पर्ने।

ट. अन्य सेवा/सुबिधा, शर्तहरु र गर्नुपर्ने कार्यहरु न.पा.ले तोके बमोजिम हुने।

ठ. सुरक्षाकर्मीलाई PSO को रुपमा पनि खटाउन सकिने।

ड. कुनै सुरक्षाकर्मी बिदामा बस्दा निजको सट्टामा बैकल्पिक व्यवस्था संस्थाले गर्नुपर्ने।

ढ. सुरक्षाकर्मीहरुको बार्षिक दुर्घटना बिमाका लागि एकमुष्ट रु.२००००/- न.पा.ले संस्थालाई उपलब्ध गराउने।

ण. सेवारत अवस्थामा भबितब्य वा दुर्घटनामा परी वा नपरी सुरक्षाकर्मीलाई चोटपटक लागि अङ्गभङ्ग भएमा वा जीवनको क्षति भएमा समेत संस्थाले जिम्मेवारी लिनुपर्ने छ।

त. माथि उल्लेखित बिषय भन्दा बाहेकको हकमा नगरपालिकाले गरेको निर्णय अनुसार हुनेछ।

पाख्रीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास धनकुटा
२०७३

२०७८/०४/३०
निमित प्रमुख प्रशासकीय अधिकृत

# संस्था/फर्म/कम्पनी छनौटका आधारहरु :-

१. **समान प्रकृतिको सेवा उपलब्ध गराएको – १० अंक**

- गाउँ/नगरपालिका १० वटा सम्म – ८ अंक
- गाउँ/नगरपालिका १० वटा भन्दा माथि - १० अंक

२. **समान प्रकृतिको काममा अनुभव – १० अंक**

- ३ बर्षसम्म – ३ अंक
- ५ बर्षसम्म – ५ अंक
- ७ बर्ष सम्म – ७ अंक
- १० बर्ष माथि – १० अंक

३. **संस्थाले जनशक्तिलाई उपलब्ध गराउने सुबिधा – १० अंक**

- १३% VAT, १.५ TDS लगायत सबै कर सहित २५% सम्म घटी अर्थात कुल मासिक पारिश्रमिकको ७५% सम्बन्धित सुरक्षाकर्मीलाई उपलब्ध गराउने फर्म/संस्था/कम्पनीलाई – १० अंक
- ७५% घटी मासिक पारिश्रमिक उपलब्ध गराउने फर्म/कम्पनी/संस्थालाई प्रति % १ अंकका दरले अंक घट्ने छ।

४. **सबै जनशक्ति हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेका – १० अंक**

- २ जना मात्र सवारी चालक अनुमति पत्र प्राप्त गरेका- ५ अंक
  (१ जनाको मोटरसाइकल चलाउने लाइसेन्स हुने पर्ने)

५. **जनशक्तिको शैक्षिक योग्यता -१५ अंक**

- कक्षा ८ पास गरेका प्रतिव्यक्ति – १ अंक
- SLC/SEE पास गरेका प्रतिव्यक्ति – २ अंक
- १०+२ पास गरेका प्रतिव्यक्ति – ३ अंक
  (जनशक्तिको शैक्षिक योग्यता समान भएमा प्राप्ताङ्क % बाट निर्णय गरिनेछ)

६. **माथि उल्लेखित आधारहरुबाट समेत समान अंक भएमा न.पा.ले निर्णय गरे बमोजिम हुनेछ।**

# दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:

- फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरू।
- आफुले उपलब्ध गराउने जनशक्तिको योग्यता, सवारी चालक अनुमति पत्र र सम्बन्धित सुरक्षाकर्मीलाई उपलब्ध गराउने सुविधाका बारेमा प्रष्ट खुल्ने गरी संस्थाको प्रतिबद्दता।
- छनौटका लागि पुष्टाईँ गर्ने कागजातहरु।

# दरखास्त पेश गर्न सक्ने फर्महरू :-

१. प्रचलित कानुन बमोजिम जनशक्ति आपूर्ति गर्नेगरी दर्ता भएको संस्था/फर्म/कम्पनी।
२. बुदा नं. १ बमोजिमका फर्म/संस्था/कम्पनीले अख्तियार नाम दिई उल्लेखित कार्य गराउन खोजेको देखिएमा त्यस्तो अख्तियारवाला प्रतिनिधिलाई सहभागी गराइने छैन।
३. निर्माण व्यवसाय वा अन्य फरक किसिमका व्यवसाय गर्ने गरी दर्ता भएका फर्मलाई यस प्रकृयामा समावेश गरिने छैन।

नगर कार्यपालिकाको कार्यालय

बिपिन प्रमुख प्रशासकीय अधिकृत